नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
बिराटनगर भन्सार कार्यालय
मोरङ

मिति:- २०८३/०३/१७ गते

## मिति २०८३/०३/१५ को सवारी साधन लिलामी सूचना संशोधन सम्बन्धी सूचना

### पहिलो पटक संशोधित सूचना प्रकाशित मिति २०८३/०३/१५

यसमा मिति २०८३/०३/१५ गते प्रकाशित सवारीसाधनको लिलामी सम्बन्धी प्रकाशित सूचनामा उल्लेखित सि.न. १९ मा पत्रु (SCRAP) दुई पाङ्ग्रे सवारी संख्या ६५ र एकमुष्ट रकम रु. १०,८३,३७५/- हुनुपर्नेमा भुलवश अन्यथा भएकोले सूचना संशोधन गरी तपशिल बमोजिम संशोधित सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

### तपशिलः

चोरी पैठारी/पैठारीको अभियोमा यस कार्यालयमा दाखिला भई जफत भएका निम्नानुसारका सवारी तथा ढुवानी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बढाबढमा बिक्री गरिने भएकोले ईच्छुक व्यक्ति, कम्पनी वा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न सर्तमा गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। बोलपत्र फाराम यस कार्यालयको लेखा शाखाबाट खरिद गर्न सकिनेछ। साथै आफुले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुने रकम यस कार्यालयको नाममा कृषि विकास बैंक लिमिटेड विराटनगरमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय विराटनगरको एकलकोष धरौटी खाता नं. ०६०१६०१०१४०७००४५ मा यस कार्यालयको कोड नम्बर ३०५०३१३०१ बाट जम्मा गरी सोको दोस्रो प्रति सक्कल बैंक भौचर बोलपत्रसाथ पेश गर्नुपर्नेछ। साथै यो सूचना भन्सार विभागको वेभसाइट https://www.customs.gov.np/biratnagar मा समेत हेर्न सकिनेछ। अन्य कुरा बुझ्नु पर्ने भएका कार्यालय समय भित्र मुद्दा शाखामा सम्पर्क गरी सुझ्न सकिने छ।

| सि.नं. | मुद्दा नं | दाखिला मिति | मोडेल | इन्जिन नं | चेचिस नं | उत्पादन वर्ष | क्षमता (सि.सि) | न्युनतम मुल्य |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 332 | 2082-10-20 | BAJAJ RE | AZYWJH61399 | MD2A25BY7JWH45970 | 2018 | 198.88 | 65432 |
| 2 | 46 | 2082-04-29 | BAJAJ RE | MD2A25BY0JWL16392 | AJYWJC58525 | 2018 | 198.88 | 65432 |
| 3 | 51 | 2082-05-02 | BAJAJ RE | AZYWKK98874 | MD2A25BY7KWK19286 | 2019 | 198.88 | 67948 |
| 4 | 421 | 2081-09-05 | BAJAJ RE | AZZWHH88348 | MD2A25BZ0HWH78876 | 2017 | 198.88 | 62075 |
| 5 | 301 | 2081-07-25 | BAJAJ RE | AZYWJH69946 | MD2A25BY8JWH48554 | 2018 | 198.88 | 65432 |
| 6 | 251 | 2082-09-08 | BAJAJ RE | AN101177 | MD2B21BYJWP00085 | 2018 | 198.88 | 65432 |
| 7 | 49 | 2082-05-01 | BAJAJ RE | AZZWHF45428 | MD2A25BZ3HWF56803 | 2017 | 198.88 | 62075 |
| 8 | 422 | 2082-12-05 | BAJAJ RE | AZYWJG94164 | MD2A25BY0JWG76863 | 2018 | 198.88 | 65432 |
| 9 | 418 | | BAJAJ RE | AZYWKB63921 | MD2A25BY3KWC88432 | 2019 | 198.88 | 67948 |
| 10 | 524 | 2078-02-25 | BAJAJ RE | AZYWJF66113 | MD2A25BY2JWF15916 | 2018 | 198.88 | 30000 |
| 11 | 94 | 076/06/01 | BAJAJ RE | AZYWJE96095 | MD2A25BY5JWE11937 | 2018 | 198.88 | 33000 |
| 12 | 184 | 2077-07-14 | BAJAJ RE | AZZWHD98833 | MD2A25BZ5HWD43240 | 2017 | 198.88 | 32000 |
| 13 | 333 | 2077-03-11 | BAJAJ RE | AZYWJD70841 | MD2A25BY0JWD17867 | 2018 | 198.88 | 30000 |
| 14 | 229 | 2076-10-02 | BAJAJ RE | AZYWJE50823 | MD2A25BY1JWE13135 | 2018 | 198.88 | 32000 |
| 15 | 356 | 2077-10-12 | BAJAJ RE | AZYWJF67217 | MD2A25BY5JWF16087 | 2018 | 198.88 | 32000 |
| 16 | 303 | 2078-08-05 | BAJAJ RE | AZZWHE20133 | MD2A25BZ6HWE50376 | 2017 | 198.88 | 33000 |
| 17 | 775 | 2080-11-27 | BAJAJ RE | AZZWHA46791 | MD2A25BZ8HWA24351 | 2017 | 198.88 | 62075 |
| 18 | 128 | 2082-06-27 | PICKUP TRUCK MAXIMO PLUS VX | MBLFAZHRRJ6A22618 | HRJ6B12566 | 2018 | 909 CC | 175000 |
| | विभिन्न आ.व.का विभिन्न | | पत्रु (SCRAP)- दर्ता नहुने र प्रयोगमा ल्याउन नसकिने पत्रुमा बिक्री हुने दुई पाङ्ग्रे ६५(पैसट्ठी) थान, तीन पाङ्ग्रे १० (दश) थान, ट्रेलर सहितको ट्रेक्टर १ (एक) थान, चार पाङ्ग्रे २ (दुई) थान | | | | | 1083375 |

| | | |
|---|---|---|
| 19 | मुद्दाहरु | जेन्जी आन्दोलनमा पूर्ण रुपमा जली, नष्ट भई चिन्न नसक्ने अवस्थामा रहेका सवारीसाधनहरु (चार पाङ्ग्रे, दुई पाङग्रे समेत) अन्दाजी १७ थानको अवशेष र अन्य अवशेषहरु अं. १२००० केजी समेत गरी |

**शर्तहरुः-**

१ बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा न्यूनतम मूल्य रु. बीस लाख सम्म भएका सवारी तथा ढुवानी साधनको हकमा रु. १,०००/- बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, आई.सि.पी. विराटनगरमा यस भन्सार कार्यालयको कोड नं. ३०५०३१३०१ र राजस्व खाता नं. १०००१००२०००१०००० राजस्व शीर्षक १४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा दाखिला गरी फारम खरिद गर्न सकिनेछ।

२ बोलपत्र फारम खरिद गर्न आउँदा आफूले लिन चाहेको दर्ता हुने सवारी तथा ढुवानी साधनको सि.न. र मुद्दा नं. उल्लेख गरी रु. १०/- को टिकट टाँस गरी फर्म/कम्पनी/संस्थाहरुको हकमा आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र, मू.अ.कर वा स्थायी लेखा नम्बर प्रमाणपत्र प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिसहितको निवेदन बोलपत्रसाथै पेश गर्नुपर्नेछ।

३ बोलपत्र १६ औ दिन दिनको १२.०० बजे सम्म दर्ता गरिसक्नुपर्नेछ। सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा सोही समय भित्र दर्ता गराईसक्नु पर्नेछ। बोलपत्र दर्ता गर्दा शिलबन्दी खाम बाहिर बोलपत्रको सूचना नम्बर, मुद्दा नं. , मिति र बोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा लेख्नु पर्नेछ। १६ औ दिन दिनको १२.०० बजेसम्म दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १५.०० बजे बोलपत्रदाताहरु र निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनी बोलपत्र खोल्न बाधा पर्ने छैन।

४ बोलपत्रमा बोलपत्रदाता, व्यक्ति वा फर्मले नेपाली नागरिकता, फर्म दर्ता, करदर्ता र कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी पुरा नाम, थर,र ठेगाना लेखी फर्मको आधिकारिक सहि छाप गरी निवेदन पेश गरेको हुनुपर्नेछ।

५ बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ।सच्याईएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको दस्तखत हुनु पर्नेछ। साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। कुनै पनी शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

६ बोलपत्र फाराम पेश गर्दा बोलपत्र फारमलाई खामभित्र राखी खाम बन्द गरी खाम बाहिर बाट सिलबन्दी लाहाछाप लगाई खामबन्द गरेको स्थानमा दस्तखत गरी पेश गर्नुपर्नेछ।

७ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

८ बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटी र यस कार्यालयको वेभसाइटमा समेत प्रकाशित गरी जानकारी गराईनेछ। बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र आफुले कबोल गरेको सवारी तथा ढुवानी साधनको मूल्य र सोमा लाग्ने मू.अ.कर र सडक निर्माण दस्तुरसमेत बुझाई कबोल गरेका सवारी साधन उठाई लैजानु पर्नेछ। कबोल अंक स्वीकृत भएको मितिले सवारी तथा ढुवानी साधन ७ (सात) दिनभित्र उठाई नलगेमा दाखिला गरेको धरौटी रकम जफत हुनेछ।

९ कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछी कबोल गर्नेले ७ दिनभित्र आफुले कबोल गरेको रकम र सोमा लाग्ने करसमेत बुझाई मालवस्तु उठाई नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो र चौथो घटीवालाको कबोल अंक स्वीकृत गरिनेछ।

१० लिलामबाट सकार गरेको सवारी तथा ढुवानी साधनहरु दर्ताका बखत प्रचलित ऐन, नियमानुसार लाग्ने कर दस्तुर तिरी दर्ता गराउने जिम्मा निज लिलाम सकारकर्ताको नै हुनेछ।

११ ईच्छुक व्यक्तिले सवारी साधनहरु हेर्न चाहेमा यस कार्यालयमा आएर कार्यालय समय भित्र हेर्न/बुझ्न सकिनेछ।

१२ दर्ता नहुने पत्रु (SCRAP) मा लिलाम गरिने उल्लेखित सवारी तथा ढुवानी साधनहरुको हकमा उक्त सवारी तथा ढुवानी साधनहरु लिलाम सकार गर्ने सकारकर्तले यस कार्यालयको परिसर भित्रै यस कार्यालयका कर्मचारीको रोहवरमा आफ्नै खर्चमा त्यस्ता सवारी तथा ढुवानी साधनहरुलाई सवारी तथा ढुवानी साधनको रुपमा प्रयोगमा आउन नसक्ने गरी पत्रु बनाई मात्र लैजानु पर्नेछ। पत्रु लिलाम बिक्री स्वीकार गर्नका लागी बोलपत्रदाता अनिवार्य मू.अ.करमा दर्ता भएको हुनु पर्ने छ।

१३ प्रत्येक सि.नं.को छुट्टा छुट्टै बोलपत्र खरिद गरी सोही बमोजिम बोलपत्र फारम पेश गर्दा शिलबन्दी खामको बाहिर बोलपत्र सूचनाको सि.नं. र मुद्दा नं. अनिवार्य रुपमा उल्लेख गरी छुट्टा छुट्टै पेश गरी दर्ता गराउनुका साथै प्रत्येक सवारी साधनको धरौटी वापतको छुट्टा छुट्टै भौचर सक्कलै प्रति फारम साथ संलग्न गर्नुपर्नेछ। बैंङ्क भौचरको फोटोकँपीलाई मान्यता दिईने छैन। कबोल अंकको न्यूनतम १० % (दश प्रतिशत) धरौटी रकम अनिवार्य हुनुपर्नेछ ।सो नभएमा बोलपत्र मान्य हुने छैन।

१४ आफुले कबोल गरेको रकमको दश प्रतिशतले हुने रकम कृषि विकास बैंक लिमिटेड, विराटनगरमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय विराटनगरको एकलकोष धरौटी खाता नं. ०६०१६०१०१४०७००४५ मा यस कार्यालयको कोड नम्बर ३०५०३१३०१ बाट जम्मा गरी सोको दोस्रो प्रति सक्कल बैंक भौचर बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

१५ यसमा उल्लेख भए देखी बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ।

भन्सार अधिकृत